यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१–५३६४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ८ ○अंक २८ ○श्रेणी 'क' ○२०७२ असोज २८ गते बिहीबार ○ 15 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## भावी राष्ट्रपति नेम्वाङ कि भण्डारी ?
### तयारीमा रहन अमिक शेरचनलाई प्रचण्डको निर्देशन

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २७ असोज ।

सत्ता साझेदार प्रमुख दुई दल नेकपा एमाओवादी र एमालेले राष्ट्रपति सत्ताधारी गठबन्धन सँगै राख्ने निर्णय गरेपछि मुलुकको दोस्रो राष्ट्रपति को बन्छ भन्ने चर्चा चल्न सुरु भएको छ । एमालेका एक नेताका अनुसार एमाओवादीले नै राष्ट्रपति एमालेले राख्न प्रस्ताव गरेको थियो। 'हामीसँग राष्ट्रपतिको उम्मेद्वार पनि छैन र आन्तरिक समीकरण मिलाउन पनि हामीलाई सभामुख र उपराष्ट्रपति भए सहज हुन्छ,' एमाओवादीलाई उदृत गर्दै ती नेताले भने-'एमाओवादीले दाबी गरेको भए राष्ट्रपति उसैले पाउथ्यो, हक पनि उसैको लाग्थ्यो।'

आफ्नो पार्टीले सभामुख पाएको भए सुवास नेम्वाङलाई नै फेरि पनि सो पदमा कायम राख्नेमा एमाले उच्च नेतृत्व एकमत थियो। राष्ट्रपति पद एमालेमा आएपछि कसलाई शितल निवास पठाउने भन्नेमा भने शीर्ष नेतृत्व एकमत देखिएको छैन। झलनाथ खनाल आफैं राष्ट्रपति पदको दाबेदार छन्। तर उनी शितल निवास छिर्ने सम्भावना लगभग नरहेकोमा सबै एमाले नेता एकमत देखिएको तेसोपाटीले जनाएको छ । 'पार्टी भित्र उनको कमजोर उपस्थिति छ, प्रधामन्त्री केपी ओली र माधव नेपाल दुवै उनलाई राष्ट्रपति बनाउने पक्षमा छैनन,' एक नेताले भने-'अहिलेको समयमा दुई पहाडे पुरुष प्रधानमन्त्री र राष्ट्रपति बन्दा राम्रो सन्देश पनि जाँदैन।' अहिले नेम्वाङ र पार्टी उपसभापति विद्या भण्डारी नै राष्ट्रपति पदको बलियो दावेदार हुन्। नेपाल पक्षका केही नेता कार्यकर्ताले लालबाबु पण्डितको नाम लिए पनि राष्ट्रपति पदका लागि उनको 'स्ट्याचर' नपुग्नेमा स्वयम् नेपालको पनि विमति नरहेको उनी निकट एक नेताले बताए। नेम्वाङ र भण्डारी दुवै ओली निकट छन्। दुई बीच कसलाई राष्ट्रपति बनाउने भन्ने ओलीको छनौटमा भर पर्नेछ। भण्डारी आफैंले बलियो इच्छा देखाएको अवस्थामा ओलीलाई नाइँ भन्न अप्ठ्यारो पर्ने एमाले नेताहरू बताउँछन्। मदन भण्डारीकी श्रीमती भएकोले पनि धेरै एमाले कार्यकर्ताको सहानुभूति विद्याप्रति छ। राष्ट्रपति को बनाउने भन्ने निर्णय ओली एक्लैले गर्न सक्दैनन्। यो निर्यण पार्टीले लिनु पर्नेहुन्छ। 'पार्टीमा दुई जनाको नाम आएमा नेपाल पक्षले सुवास नेम्वाङलाई समर्थन गर्ने सम्भावना छ,' ती नेताले भने-'त्यसले ओलीलाई अप्ठ्यारो पार्न सक्छ।' नेम्वाङले दुवै संविधान सभामा सशक्त भूमिका खेलेको र उनी जनजाति भएकोले पनि राष्ट्रपति बनाउनु पर्ने तर्क नेपाल पक्षले गर्नेछ। 'पहिलो राष्ट्रपति मधेसी भएपछि, दोस्रो राष्ट्रपति जनजाति हुँदा राम्रो देखिन्छ' उनले भने। ओलीको मत भने अहिले नै विद्यातिर ढल्केको अनुमान गर्ने एमालेमा धेरै छन्। 'एमाओवादीले नै एमालेले महिलालाई राष्ट्रपति बनाए आफूहरूले पुरुष उपराष्ट्रपति बनाउन पाउने र त्यसले पार्टी भित्रको आन्तरिक समीकरण मिलाउन सजिलो हुने बताएको छ,' ओली निकट एक नेताले भने।

ती नेताले एमाओवादी अध्यक्ष प्रचण्ड स्वयंले पनि विद्या भण्डारीलाई राष्ट्रपति बनाउन सल्लाह दिएको दाबी गरे। 'विद्याजीलाई बनाउँदा पहिलो महिला राष्ट्रपति बन्ने भएकोले राम्रो पनि देखिन्छ,' प्रचण्डलाई उद्धृत गर्दै उनले भने।

विद्यालाई राष्ट्रपति बनाउने भए ओलीले नेम्वाङलाई पहिलेनै कुरा गरेर मनाउनु पर्नेछ । एमालेमा जनजाति र मधेसीको अनुहार पार्टीको माथिल्लो नेतृत्वमा नदेखिएकोले पनि नेम्वाङलाई भूमिका दिएर पार्टीको काममा लगाउँदा त्यसले एमालेलाई राम्रो गर्ने तर्क ओली निकट नेताहरु गर्छन्। विद्या राष्ट्रपतिमा गए खाली उपाध्यक्ष पदमा नेम्वाङलाई केन्द्रीय समितिले नियुक्त गर्न सक्ने पनि ओली निकट नेताहरुको भनाई छ। 'स्थायी समितिमा पनि एउटा पद खालि नै छ, उहाँलाई पार्टीमा स्थापित गर्न सजिलो छ,' एक नेताले भने । नेकपा एमालेले नेतृ विद्या भण्डारीलाई राष्ट्रपतिको उम्मेद्वार बनाउने चर्चा चलेपनि पूर्व सभामुख सुवासचन्द्र नेम्वाङ र अष्टलक्ष्मी शाक्यको नाम पनि चर्चा चलेको रातोपाटीले उल्लेख गरेको छ ।

यता, एमालेमा राष्ट्रपतिको उम्मेद्वारको विषयमा मतभेद देखिएपनि पुन: यो पद एकीकृत माओवादीको पोल्टामा जाने सम्भावना बढेको छ । एमालेमा उपाध्यक्ष विद्या भण्डारी, सुभास नेम्वाङ र अष्टलक्ष्मी शाक्य भावी राष्ट्रपतिका लागि उम्मेद्वार बन्न खोजेका छन् । यद्यपी भण्डारीले भने त्यति धेरै रुचि नराखेको एमाले स्रोतको भनाई छ । एमालेमा विवाद कायम रहे राष्ट्रपतिका लागि एकीकृत माओवादीले पाटी नेता अमिक शेरचनलाई अगाडि सार्ने भएको छ । राष्ट्रपतिका लागि नेकपा एमाले र एमाओवादी दुवैले दाबी गरे पनि कसलाई उक्त पदको दाबेदार बनाउने भन्ने विषय जटिल बनेको छ । आफ्नो कोटामा राष्ट्रपति पद आए महिला, जनजाति र पिछडिएका वर्गबाट एक जनालाई उक्त पदमा पठाउने तयारी एमाओवादीको रहेको छ । यसमा पहिलो नाम अमिक शेरचनको आएको छ । यसका लागि अध्यक्ष प्रचण्डले शेरचनलाई बोलाएर नै तयारीमा रहन आग्रह गरेका छन् । प्रचण्डसँगको भेट पुष्टि गर्दै अमिक शेरचनले रातोपाटीलाई भने, 'अध्यक्षसँग केही चरणमा कुरा भएको हो । वहाँले नै मलाई बोलाएर तपाईं पनि तयार नै रहनुहोला भन्नुभएको छ ।'

## गृहमन्त्री छान्न एमाओवादीमा प्रलय

*नयाँ सरकारमा शक्तिशाली मन्त्रालय कसले पाउने भन्नेबारे एमाओवादीमा तीब्र विवाद भएको छ । विवादकै कारण आजको स्थायी समितिले सरकारमा कस्को नेतृत्वमा जाने भन्नेबारेमा कुनै पनि निर्णय लिन सकेन । 'पहिला पार्टी संगठनको जिम्मेवारी कसले लिने र को सरकारमा जाने भन्ने निर्णय गरौं। त्यसपछि मात्र को मन्त्री बन्ने निर्णय गर्न सजिलो हुन्छ भन्ने मैले तर्क राखें', स्थायी समिति सदस्य देवेन्द्र पौडेलले भने, 'तर उहाँहरूले मान्नु भएन। विवादका कारण निर्णय लिन सकिएन।' पार्टी नेताहरूका अनुसार मुख्य विवाद भने गृहमन्त्रालयलाई लिएर भएको छ । पार्टी नेता टोप बहादुर रायामाझी, शक्ति बस्नेत, गिरिराजमणि पोखरेल र जनार्दन शर्माको दाबी गृह तथा उपप्रधानमन्त्री मन्त्रालयमा छ। तर उक्त पदका मुख्य दाबेदार भने कृष्णबहादुर महरा हुन जसले स्पष्ट रुपमा बुधबारको बैठकमा आफ्नो दाबी भने प्रस्तुत गरेनन्। 'जनमुक्ति सेना'का पूर्व कमान्डर नन्दकिशोर पुन व्यवस्थापिका-संसद सदस्य नभए पनि गृह मन्त्रालय आफूले पाउनु पर्ने दावी गरिरहेका छन्। 'अरु कसैलाई हटाएर भए पनि संसद सदस्य बनाए त्यसपछि गृह मन्त्रालय पाउन कुनै अवरोध नहुने उनको दाबी छ,' एक सदस्यले भने। गिरिराजमणि पोखरेलको पक्षमा भने पार्टी नेता नारायणकाजी श्रेष्ठ छन्। सभामुख पदमा भने कृष्णबहादुर महरा वा ओनसरी घर्तीको नाम चर्चामा आएको छ। पार्टी नेता वर्षमान पुन घर्तीका पति हुन्। पुनले ओनसरीको नाम प्रस्ताव गरेका छन्। उपराष्ट्रपति पद भने राष्ट्रपति भन्दा फरक जाति र लिंगबाट छान्नु पर्ने भएकाले बुधबारको बैठकमा चर्चा भएन । पार्टी बैठक बिहीबार पुन: बस्नेछ ।*

## फोहोर व्यवस्थापनमा १२ करोड सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

पोखराको फोहोर व्यवस्थापनको लागि विश्व बैंकले १२ करोड सहयोग दिने सम्झौता गरेको छ । फोहोरको चपेटामा पर्दै गएको उपमहानगरपालिकालाई स्वच्छ र बातावरणीय प्रदुर्षण मुक्त बनाउन विश्व बैंकले सहयोग दिने सम्झौता गरेको हो । सम्झौता चार वर्षको छ । 'विश्व बैंकले 'शहरी विकासका लागि प्रतिफलमा आधारित फोहोरमैला व्यवस्थापन'को लागि पोखरा उपमहानगरपालिकासित सम्झौता गरेको छ ।' पोखरा उपमहानगरपालिकाका सरससफाई शाखाका पोखरा उपमहानगर पालिकाका सरसफाइ शाखाका प्रमुख चुडामणि तिवारीले भने-'चार वर्षे सम्झौता अुनसार फोहोर व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने खाँचो छ ।' उनका अनुसार कार्यकारी अधिकृत उदयबहादुर राना र विश्व बैंकका प्रतिनिधिले सम्झौता पत्रमा हस्ताक्षर गरिसकेका छन् । उपमहानगरपालिकाले फोहोर व्यवस्थापनको लागि गाडीको अभाव रहेको उल्लेख गरेको छ । विश्व बैंक अन्तर्गत ओविए ( आउटपुट बेस एड) संस्थाबाट फोहोर मैला व्यवस्थापनको लागि सवारी साधन माग गरिएको छ । 'संस्थाले स्रोत र साधन उपलब्ध गराउने छ ।' उनले भने-'त्यसको परिचालन पोखरा उपमहानगर पालिकाले गर्ने छ ।'

फोहोर व्यवस्थापनको लागि अहिले उपमहानगरपालिकासित ७ वटा मात्रै सवारी साधन छन् । ती सवारी साधनले हप्तामा रुट अनुसार विभिन्न वडामा थुप्रिएको फोहोर संकलन गर्दै आएको छ । संकलित फोहोरको अनुपात बढ्दै गएपछि फोहोर उठाउने गाडीको अभाव देखिएको छ । 'तीन चारवटा गाडी थप्नुपर्ने बाध्यता छ ।' उनले भने 'नयाँ गाडी थपिए फोहोर व्यवस्थापनमा केही सहज हुने थियो ।' भएका फोहोर संकलन सवारी साधन पनि थन्किएका छन् । डिजेलको अभावले गाडी दुईदिनदेखि ग्यारेजमै बसेका छन् । फोहोर मुख्य बजार क्षेत्रसँगै भित्री सडकका चोकहरुमा थुप्रिएको छ । निजी कम्पनीले बजार क्षेत्रको फोहोर उठाएपनि भित्री क्षेत्रमा दुर्गन्ध फैलिन थालेको छ । बातावरणीय प्रदुर्षण बढ्दै गएको छ । पोखरामा अहिले दैनिक १ सय ३० टन फोहोर उत्पादन हुने गरेको छ । फोहोर सेती नदीको भंगालो, खोला खोल्सा र नहरमा फालिने गरिएको छ । यसले अझ प्रदुर्षण बढाएको छ । पोखरा उपमहानगर पालिका गत बर्ष नेपालकै सफा शहर घोषित भएको थियो । नगरमा दैनिक निस्कने फोहोर व्यवस्थापन गर्ने काम पनि नगरपालिकाको नै हो । तर यो बिषयमा नगरबासी नागरिकहरु पनि संवेदनशिल हुनु जरुरी छ । पोखरा उपमहानगर पालिकाले फोहोर मैला व्यवस्थापनको लागि वडा नम्बर १८ को बाच्छेबुडुवामा ल्याण्डफिल्ड साइट बनाएको छ भने फोहोर मैला व्यवस्थापनको लागि नगरवासीहरु सँग सरसफाई शुल्क समेत उठाएको छ । गत बर्षमात्रै नगरपालिकामा १ करोड ४९ लाख रुपैयाँ सरसफाई शुल्क संकलन भएको थियो । नगरपालिकाले नगरबासीहरुसँग मासिक ८ रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म सरसफाई शुल्क लिने गरिएको छ ।

तीनबर्ष अघि गरिएको सर्भेक्षण अनुसार पोखरामा उत्पादन हुने फोहोर मध्ये ६८ प्रतिशत कुहिने खालको फोहोर छ । जसलाई कुहाएर कम्पोष्ट मल बनाउन सकिने संभावना रहन्छ । त्यसैगरी कूल फोहोर मध्ये १४ प्रतिशत फोहोरलाई पुन प्रयोग गर्न सकिने खालको छ । पुन: प्रयोग गर्न सकिने खालको फोहोर प्रशोधन गरी विभिन्न खालका मालसामानहरु बनाउन सकिने खालको छ ।

पोखरामा उत्पादन हुने कूल फोहोर मध्ये १८ प्रतिशत कुनै पनि काममा प्रयोग नहुने खालको छ । जसलाई व्यवस्थापन गर्नको लागि पोखरा १८ बाच्छेबुडुवामा बनाइएको ल्याण्डफिल्डमा व्यवस्थापन गरिंदै आइएको छ । पोखराको फोहोरमैला व्यवस्थापनको लागि १० बर्ष पहिला ल्याण्डफिल्ड साइड निर्माण गरिएको पिस पोखरा डटकममा खबर छ ।

अहिले नगरपालिकासँग फोहोर उठाउनका लागि १३ वटा गाडी छन्, ती मध्ये २२२ वटा ठेकेदार कम्पनीलाई दिईएको छ भने बाँकी रहेका गाडी नगरपालिकाले नै सञ्चालन गर्दै आएको छ । यो सँगै नीजि कम्पनीहरुसँग पनि थप ४/४ वटा फोहोर उठाउने गाडी रहेको पोखरा उपमहानगर पालिकाका सरसफाई शाखा प्रमुख चुडामणी तिवारीले बताए । 'अझै फोहोर उठाउने गाडी पुगेको छैन', तिवारीले भने-'नगरपालिकाको सीमा विस्तार भएको छ, सबैतिर गाडी पुऱ्याउने हो भने तत्कालै नयाँ कार्ययोजना बनाएर जानुपर्छ ।' अहिले नगरपालिकाले पूराना १८ वडासँगै नयाँ थप भएका लामाचौर, आर्वा, हेमजा र सराङ्गकोटका केही भागमा फोहोर उठाउन सुरु गरेको तिवारीले बताए ।

## नेता तिवारीद्वारा अक्षयकोष स्थापना

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

एमाओवादीका नेता झलकपाणि तिवारीले आफ्नी आमा रुक्मिना तिवारीको स्मृतिमा एक लाख एघार हजार एक सय एक रुपैयाँको अक्षयकोष स्थापना गरेका छन्। तिवारीले लेखनाथ-४ जल्दारेडाँडामा रहेको अमरज्योति गाउँफर्क माविमा सोमबार रुक्मिना तिवारी छात्रवृत्ति अक्षयकोष, २०७२ स्थापना गरेका हुन्। गरिब तथा जेहेन्दार छात्रछात्राहरुको पठन-पाठनमा सहयोग पुगोस् भन्ने उद्धेश्यले अक्षयकोष स्थापना गरिएको नेता तिवारीले जानकारी दिए। तिवारीका अनुसार विशेष रुपमा प्राथमिक तहका विद्यार्थीहरुलाई लक्षित गरी छात्रृवत्ति अक्षयकोष स्थापना गरिएको हो। अक्षयकोषको संरक्षकमा नेता तिवारी र उनकी श्रीमति सीता तिवारी रहेको अमरज्योति गाउँ फर्क माविका प्रधानाध्यापक दोमादर सापकोटाले जानकारी दिए।

अक्षयकोष घोषणा कार्यक्रममा स्थानीय समाजसेवी हरि अधिकारी, देवेन्द्र रानाभाट, नेकपा एमालेका प्रतिनिधि नारायण बराल र एमाओवादी प्रतिनिधि मेघराज भण्डारीले तिवारीको कार्यले सामाजिक उत्प्रेरणा पैदा गरेको बताए। कार्यक्रममा नेता तिवारीले 'आफ्नो बाल जीवन निकै कष्टकर रुपमा बितेको' भन्दै आफूले जस्तै गरिबीका कारण बालबालिकाले औपचारिक शिक्षाबाट बञ्चित हुन नपरोस् भन्ने हेतुले अक्षयकोष स्थापना गरेको बताए।

## रानाभाट हत्यामा संलग्न पक्राउ

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

रजिल्ला कास्की माझठाना गाविस वडा नं ३ घुम्ले बजारका रमेश रानाभाटलाई कर्तव्य गरी मार्ने दुई जनालाई प्रहरीले प्रक्राउ गरेको छ । प्रहरीले कास्की माझठाना गाविसवडा नं ९ थुम्सीकोट बस्ने १९ वर्षको सोम बहादुर भुजेल र वडा नं ३ का १८ वर्षीय सोवित रानाभाटलाई प्रक्राउ गरेको हो । असोज २६ गते नाचगान गर्ने विषयमा सामान्य विवाद भएको निहुँमा घुम्ले बजारका ३० वर्षिय रमेश रानाभाटलाई कर्तव्य गरी हत्या भएको थियो । रानाभाटलाई अभियुक्तहरुले मृतककै घर नजिक दाउराले टाउकोमा प्रहार गरी हत्या गरेका थिए । हत्या गरि फरार भएका उनिहरुलाई प्रहरीले बुधबार पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान भैरहेको कास्की प्रहरी प्रवक्ता गोविन्द अधिकारीले जानकारी दिए ।

हत्या गरेपछि भागेका सोम बहादुर भुजेललाई विशेष सुचनाको आधारमा तनहुँको दमौलीबाट प्रक्राउ गरेको अधिकारीले जानकारी दिए । त्यसैगरि अर्का अभियुक्त सोवित रानाभाटलाई माझठाना ३ भगवतीटारबाट पक्राउ गरिएको उनले बताए ।

बविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ
विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।
हाम्रो बाबाले सधैं बबिन टेलरिङमा सिलाउनुहुन्छ
BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

## सम्पादकीय . .

# ओलीको आगामी यात्रा

अन्ततः नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली नेपालको ३८ औं प्रधानमन्त्री बन्न सफल हुनुभएको छ । ओलीलाई एनेकपा माओवादी, राप्रपा नेपाल, राप्रपा, नेकपा माले, राष्ट्रिय जनमोर्चालगायतका साना ठूला राजनीतिक दलहरुले समर्थन जनाइसकेकाले उहाँको विजय सुनिश्चित भइसकेको थियो । अन्तिम समयमा आएर विजयकुमार गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिकले समेत समर्थन जनाएपछि ओली नेतृत्वको सरकारको भावी यात्रा थप सहज बनेको छ । प्रमुख तीन दलबीच भएको बहुचर्चित भद्र सहमतिअनुरुप ओली सर्वसम्मतरुपमै प्रधानमन्त्री बन्ने स्थिति विकास भएको थियो । तर नेपाली कांग्रेस र स्वयं सभापति सुशिल कोइराला सहमतिबाट पछाडि हटेपछि निर्वाचन प्रक्रियाबाट मुलुकले नयाा प्रधानमन्त्री पाएको छ । संविधान घोषणा भएपछि प्रधानमन्त्री पद छोड्छु भनेर पटक-पटक भन्दै आउनुभएका सुशिल कोइराला अन्ततः आफ्नो अडानमा टिक्न सक्नुभएन । निर्वाचनमा जीत हार सामान्य कुरा हो । तर संविधान घोषणा गर्न प्रमुख भूमिका खेलेका कोइरालाको विचारमा आएको परिवर्तन अस्वाभाविक र सन्देहास्पद छ । उहाँकै पालामा नेपालमाथि नाकाबन्दी लगाउने छिमेकी मुलुक भारतले फ्याँकेको अस्त्रको शिकार बन्नुभयो कोइराला । यसले उहाँको राजनीतिक कद निकै घटाएको त छ नै साथै लोकतन्त्रमा विश्वास गर्नेहरुका लागि यो घोर लज्जाको विषय बनेको छ । नेपालमा राजतन्त्र अन्त्य गर्दा होस् वा संविधान घोषणा गर्दा होस्, छिमेकी मुलुक भारत हरेकपटक कूटनीतिकरुपमा असफल सिद्ध हुँदै आएको छ । अहिले उसले नेपाल राष्ट्र र नेपाली जनतामाथि नाकाबन्दीजस्तो अमानवीय क्रूरता थोपरिरहेको छ । केपी ओली नेतृत्वको सरकार गठनपछि उसले कस्तो रबैया अपनाउँछ, यसबारे अहिल्यै क्यै भन्न सकिन्न । तर नयाँ सरकारको एउटा प्रमुख चुनौती भारतसागको सम्बन्ध सुधार गर्दै नाका सुचारु गर्नु हो । प्रधानमन्त्री निर्वाचनको पूर्वसन्ध्यामा एमाले-एमाओवादी र एमाले-एमाओवादी-फोरम लोकतान्त्रिक बीच भएका विभिन्न सहमति कार्यान्वयनतर्फ अगाडि बढियो भने अबको यात्रा सहज हुनेछ । अब मधेशमा भइरहेको आन्दोलन शान्तितर्फ फर्कने आधार तयार भएको छ । अहिलेको खाँचो भनेको सहमतिको इमानदारीपूर्वक पालना गर्ने हो । घटनाक्रमले मुलुकको सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेस प्रमुख प्रतिपक्षमा बसेको छ । कांग्रेस प्रतिपक्षमा बस्नुपर्छ भन्ने चाहना आम कांग्रेसजनको होइन र नेपाली जनताको पनि होइन । कांग्रेस सभापति सुशील कोइरालाले चाहेको भए उहाा सहजै राष्ट्रपति बन्ने स्थिति थियो । अब त्यो सम्भावना गुमेजस्तै भएको छ । सुशीलले आफ्नै पार्टीका जिम्मेवार नेता र कार्यकर्ताहरुको भावना बुझ्न सक्नुभएन । रातारात अप्रत्याशितरुपमा प्रधानमन्त्री पदमा उम्मेदवारी दिने निर्णय लिनु उहााको ठूलो कमजोरी रह्यो । इतिहासले यसको मूल्यांकन गर्ने नै छ । ठूलो दल कांग्रेस प्रतिपक्षमा बसेपछि संविधान कार्यान्वयनमा असहजता आउन सक्छ । यसमा विशेषरुपमा सत्तापक्षले सचेतता अपनाउन सक्नुपर्छ । प्रतिपक्षले पनि संविधान कार्यान्वयनको स्वामित्व आफूले समेत लिनसक्ने किसिमको रचनात्मक भूमिका खेल्न सक्नुपर्छ । अहिलेको संक्रमणकालीन व्यवस्थाअनुसार छ महिनापछि फेरि सरकार हेरफेर गरेर कुर्सीको खेलमा लाग्ने गल्ती कुनै पक्षबाट हुनुहुादैन । बरु भविष्यमा कांग्रेस स्वयं सरकारमा सहभागी भई व्यापक राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने दिशातर्फ अगाडि बढ्नुपर्छ । दलहरुबीचको बलियो एकताबिना राजनीतिक स्थायित्व, शान्ति र विकास सम्भव नभएकोले कसैप्रति पूर्वाग्रह राख्नुपर्ने अवस्था विल्कुलै छैन । नयाँ प्रधानमन्त्री केपी शर्मा ओलीको लामो राजनीतिक जीवन, इतिहास र पृष्ठभूमि छ । उहाँको राजनीतिक जीवन दुस्खकष्ट, संघर्ष र यातनाबाटै शुरु भएको हो । उहाँले झण्डै डेढ दशकको जेल जीवन र ५० वर्ष लामो राजनीतिक यात्रा पूरा गर्नुभएको छ । पछिल्लो चरणमा उहााले पार्टीभित्र बलियो एकता कायम गर्न सक्नु भएको छ । अब सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने चुनौती उहाासामु छ । अडान भएको व्यक्तिको रुपमा उहाँलाई धेरैले मान्ने गर्छन् । ओलीको आगामी यात्रा कस्तो होला ? यो प्रतीक्षाको विषय हो । मुलुकमाथि समस्याका चुनौती मात्र होइन, सिंगै पहाडहरु छन् । संविधान कार्यान्वयन, भूकम्पपछिको पुनर्निर्माण र नवनिर्माण, तराई मधेशको आन्दोलन, छिमेकी मुलुकसंग मित्रवत् सम्बन्ध कायम गर्न वर्तमान सरकार कसरी अगाडि बढ्छ, यसमा सरकारको मात्र हैन, राष्ट्रको भविष्य गाासिएको छ । इतिहासको कठीन घडीमै नेतृत्वको परीक्षा हुने गर्छ । अहिले त्यो घडी आइपुगेको छ । यो परीक्षामा नयाँ प्रधानमन्त्री र उहाँले नेतृत्व गर्नुभएको सरकार कति खरो, इमानदार र प्रतिवद्ध बन्न सक्छ, त्यसमै यसको भविष्य निर्धारण हुनेछ ।

# संविधान जलाएर राज्यलाई चुनौती

✍ अशोक झा

पदीय भागबण्डाको प्रधानतामा संविधान निर्माणको निष्पक्षतालाई सूलीमा चढाएर, ४१ जना निरपराध मधेशीलाई बलि चढाएर तीन दलको एकपक्षीय संविधान निर्माण गर्ने तथा भदौ ३ गते देशमा महिना दिनदेखि चलि रहेको आन्दोलनलाई वेवास्ता गरि संविधान घोषणा गर्ने तीनवटा प्रभूहरू (नेपाली काँग्रेस, एमाले र एमाओवादी) को ८ वर्षको साजिशपूर्ण परिश्रम सफल भएको छ । भदौ ३ गते मधेशले कालो दिवसको रूपमा मनाएको अवसर तथा ४ गते संविधान जलाएर सशक्त आन्दोलनको बिगुल फुकेको मधेश अब देशमा आफनो भूमिका खोज्दै अगाडि बढेको छ । बढ्नु पनि पर्दछ । तीन दलको निर्देशित कार्यभार सकिएपछि मधेशको भूमिका अगाडि आउनु स्वाभाविक पनि हो ।

भारतसंग नङ र मासु जस्तै रहेको अविच्छिन्न मैत्री सम्बन्धलाई बेला बखत स्वाभिमानको नाममा तोड्दै र त्यसको विपरितको परिणाम भोग्दै आएको यथार्थलाई बिर्सेर १८औं सार्क शिखर सम्मेलन देखि खसवर्गीय शासकहरू भारतलाई चिढाउँदै एकतर्फी रूपमा संविधान बनाएर संविधान सभालाई अन्त गरेको छ । मधेशमा महिनौं दिनदेखि चलि रहेको आन्दोलनलाई वेवास्ता गरि घोषणा गरेको संविधान बहुमत मधेशी जनताले जलाई दिएर राज्यलाई चुनौती दिएका छन् । सबैलाई समेटेर संविधान बनाउने भारतको आग्रहलाई "आन्तरिक मामिलामा हस्तक्षेप" भनेर अस्वीकार गरिएको अवस्थामा संविधान आउनु तीन दलको रूपमा आएको खसवर्गीय निरंकूशता स्पष्ट भएको छ । सरोकारवालालाई बाहिर राखेर संविधान घोषणा गर्ने कारण यिनको पदीय भागबण्डा गरेर आठ दश जना पदमा सुरक्षित आसन ग्रहण गर्नुबाहेक अरू केही देखिएन । पूर्व निर्धारित सात दिनभित्र मन्त्रिमण्डल गठन गर्ने योजना अब खटाईमा पर्ने सम्भावना सामुन्ने आएपछि त्रिदेवहरू स्वर्गको आसन छाडेर मधेशी दलहरूको कार्यालयमा धाउन थालेका छन् ।

भारतले संविधानको मान्यतामा प्रश्न खडा गरेपछि यहाँ खसवर्गीय शाश्वत राज्यसत्ता फेरि हल्लिन थालेको तथा शासकहरू स्वर्गबाट विस्थापित हुने डरले अहिले लत्रिएर भएपनि आफनो कुकृत्यको मान्यता दिलाउन लागि परेका छन् । गलत सोचको गलत परिणाम हुन्छ भन्ने कुरा यहाँ कतिपयले भोगि रहेका छन् । अग्रपंक्तिमा रहेका केही राजनीतिक अगुवाहरूले देशलाइ गृहयुद्धमा धकेलेको यथार्थ कसैले बिर्सिनु हुन्न । यिनको अज्ञान हठका कारण मधेश आगोको भूमरीमा परेको छ । अधिकार सुनिश्चित गर्ने संविधान सभाको अन्त गरिएको छ । अहिले भारत पक्षबाट मधेशी, जनजाती, थारू, दलित, महिला, मुस्लिम, पिछडिएकावर्गहरूको अधिकारप्रति चासो देखाउन थालेपछि दिनहुँ बिषवमन गर्ने महारथीहरू अहिले बिल्कुल नरमपंथी बन्न थालेका छन् । तीक्ष्ण साजिशको महा खतरनाक रूप हो यो । भन्न त संविधानलाई संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान भनिएको छ । तर यो नामको मात्र हो । यसले कसैको समस्या हल गर्दैन । मधेशको त बिल्कुलै होईन । यो संविधान थारू र मधेशी सबैको अधिकार हरण गरेको छ । हक अधिकार माँग्ने मधेशी, थारू लगायत सबै समुदायलाई एकपल्ट फेरि राज्यबाट बञ्चित गरेको छ । एकतर्फी संविधान घोषणा गरेर अहिले आफनो ईमान्दारिताको ढोल पीट्ने खसवर्गीय शासकहरूको ईमान्दारिताको नकारात्मक प्रतिफल देश ६ दशकदेखि लगातार भोग्दै आयो । न देशमा अमन चैन आयो न विकासको ठोस आधारहरू तयार भएर अवसरको सृजना भयो । गरिब देशका धनी शासकहरूले जनतालाई भिखारीकै रूपमा राख्न मन पराए । फलतः ५० लाख नेपाली युवा रोजगारीको खोजीमा विदेश पलायन भए । राजा रूपका शासक होस् कि लोकतन्त्रका शासकहरू, सबैको एउटै धारणा रह्यो-व्यक्तिगत विकास गर्ने अवधारणा । व्यक्तिगत रूपमा धनलाभ गर्ने कुनै पनि शासनको समान प्रवृति नै रह्यो । यसले देशको अग्रगमनको गतिलाई स्थिर बनाएर खसवर्गलाई सशक्त बनाउँदै गयो । अवसरको अभावमा नेपाली जनतालाई दरिद्र बनाएर राख्ने राज्यसत्ताको सामन्ती चरित्रलाई परिवर्तनको नाममा आउने राजतन्त्र, लोकतन्त्र वा गणतन्त्रका सबै शासकहरूले राज्यसत्तालाई अक्षुण्ण राख्न यही यथार्थलाई अंगीकार गरे । यसका पछिल्ला उदाहरण प्रचण्ड हो ।

असोज ५ गते नेपालको बोर्डर सील भएको भनिएको समाचार सार्वजनिक हुँदा नेपालका राजनीति दलहरूमा खल्बली मच्दा कोई लत्रिएको अभिव्यक्ति दिन थाले भने कोही अझ भारतलाई चुनौती दिने अभिव्यक्ति दिए । नेपाली राजनीतिका मात्तिएका ध्रुवताराहरू आत्तिए । महिषासुरले देवतालाई स्वर्गबाट खेदे जस्तै भारतको ७ बून्दे विज्ञप्ति सार्वजनिक हुँदै तीनै राजनीतिक दलहरूका नेताहरू स्वर्गको आसन छाडेर यत्रतत्र कुद्न थाले । कोही भारततिर लागे भने कोही मधेशी दलका नेताहरूलाई भेट्न धाउन थाले । नर्वसनेसको अवस्थामा कोही भारतलाई सराप्न थाले भने कोही भारतसंग कुरा मिलाउन उतातिर हानिए । सबैमा भय मिश्रित भावहरू व्याप्त देखियो । इलेक्टोनिक मीडिया तथा छापाहरूमा भारतको विज्ञप्तिलाई विभिन्न अर्थका साथ छापियो ।

आफनो कुरालाई आन्दोलन मार्फत व्यक्त गरि रहेको मधेशी, थारूहरूलाई मानवीय व्यवहारको हदै पार गरि क्रुरतापूर्वक दमन गर्दै एकतर्फी रूपमा संविधान घोषणा गरेको अलोकतान्त्रिक व्यवहारलाई संसारले हेऱ्यो । मानवाधिकारको मूल्य र मान्यतालाई कुल्चदै यो सरकारले आन्दोलनकारीलाई टाउकोमा, पिठ्यूँमा, छातीमा गोली हानेर मार्ने, घरको छतमा बसेर हेर्नेहरूलाई ताकेर गोली मार्ने, बालबालिकालाई समातेर मार्ने, सुरक्षाकर्मीको रूपमा रहेको मधेशीलाई थुनेर मार्ने एकमात्र रणनीति रहेको कुरा संसारका सबै लोकतान्त्रिक देशहरूले देख्यो । डेढ करोड मधेशीमा दुई चार दर्जन मर्दाको केही गणना नहुने मान्यता राख्ने जङ्गबहादुरहरू छिमेकी मित्रको नाताले भारत अहिले मधेश आन्दोलनप्रति सम्बेदना देखाउन लाग्दा राष्ट्रवादी भनाउँदाहरूमा खैलाबैला मचेको छ ।

मधेश आन्दोलनमा सरकारद्वारा मानवाधिकारको चरम उल्लंघनप्रति चासो राख्ने, राज्यविहीनताको अवस्थामा राखिएको मधेशी, थारू लगायतका समुदायहरूको अधिकारबारे छिमेकी मित्रको हैसियतले बोल्दा यहाँका अन्धराष्ट्रवादले भारतको प्रत्यक्ष हस्तक्षेप देखेको छ । मधेशी, थारू लगायत डेढ करोड मधेशका जनताहरूलाई दमनको शिकार बनाएर सेना परिचालनको असहज परिस्थितिमा मधेश विरोधी संविधान घोषणा गरि अन्तर्राष्ट्रिय समर्थनका लागि प्रतीक्षारत सत्ताधारीहरूमाथि सबैले प्रश्नचिन्ह नै उठाएका छन् । सरोकारवालालाई संविधान सभाबाट बाहिर पठाएर संविधान घोषणा गर्ने चरमपंथीहरूको अलोकतान्त्रिक चरित्रलाई कसले समर्थन गर्ने ? संविधान घोषणा गर्ने चरण पार गरेपछि विकसित हुने परिस्थितिसंग चापलुसी वा चुनौतीको रणनीतिबाट सामना गर्ने अभिप्रायले देशमा संकटपूर्ण अवस्था उत्पन्न गर्ने यो गोर्खाली प्रवृतिबाट देशको के भलो हुने ? मधेशीलाई उत्तेजित पारेर प्रत्यक्ष रूपमा लड्न तयार गरेपछि यी सत्ताधारी दलहरू देशमा अमन चैन आउन दिन्छन् ? मधेश आन्दोलनमा मानवाधिकारको कानूनलाई उल्लंघन गरि अपराध गर्ने नेपाल सरकारलाई अन्तर्राष्ट्रिय कानूनी कठघरामा किन न उभ्याउने ? लोकतान्त्रिक शक्ति भनाउँदाहरूको सामन्ती चरित्रको प्रदर्शनलाई भारतले नजिकबाट हेरेको मात्र होईन, सार्क शिखर सम्मेलनबाट यिनको गतिविधी संदिग्ध रहेको अनुभव गरेको छ । भारत विरूद्ध जुर्मुराएको अन्धराष्ट्रवादले त कहिले भारतीय राजदूतलाई जुत्ता हान्यो भने अहिलेका भारतीय राजदूत रन्जीत रेलाई फिर्ता पठाउन प्रधानमन्त्रीलाई विज्ञप्ति नै दिएको छ । वरदान पाएर मात्तिने नेपाली काँग्रेस र एमाले अहिले चीनसंग लागेर अरूलाई कृतघ्नताको व्यवहार देखाउनु कतिको उचित छ ? संविधान सभालाई कसरी निष्कर्षमा लैजाने भन्ने आफनो विचार चीनसंग मिल्ने भएपछि बनेको सम्बन्धले भारतसितको कटुतालाई बढाउँदै लग्यो । चीनसंगको विकसित नयाँ विशेष सम्बन्धको प्रभावले एकातिर मधेशमा सरकारले चरम मानवाधिकारको उल्लंघन गऱ्यो भने आफनो ईच्छानुसार संघीयताबिनाको संविधान घोषणा गर्न पायो ।

चीनसंगको विकसित विशेष सम्बन्धका कारण अरू देशसंगको कूटनीतिक सम्बन्ध खल्बलिएको छ । खासगरि भारतले नेपालबाट पूर्ण असुरक्षा महसूस गर्न थालेको छ । नेपाल भारतको खुला सिमानाको फायदा उठाएर अनेक असामाजिक तत्वहरूको घुसपैठले भारतलाई अनेक दुर्घटनासंग सामना गर्नु परेको छ । नेपालसंग रोटी, बेटीको परम्परागत सम्बन्धका कारण बोर्डर सील गर्न पनि कठीन छ । त्यसकारण पनि नेपालले चीनसंग विशेष सम्बन्ध बनाउनु भारतको लागि चिन्ताको विषय हुनु स्वाभाविक हो । नेपाल चीनको यो सम्बन्धले भारत चीनको मैत्री सम्बन्धलाई पनि नकारात्मक ढंगले उत्तेजित पार्न खोजेको छ । भू.पू. राजा ज्ञानेन्द्र पनि कुनै बेला वैकल्पिक जलमार्ग खोज्न चीन गएका थिए । सोही बमोजिम अहिलेका सत्ताधारी घटकहरू ( नेपाली काँग्रेस, एमाले र एमाओवादी) चीनसंग सम्बन्ध बनाएर नेपालको भाग्यलाई सपार्ने आँट गरेका छन् भने "हे दैव" नै भन्नु पर्ला ।

खस वर्चस्वको नेपाली राज्यसत्ताले मधेशसंग रंगभेद नीति नै अख्तियार गरेको कुरा अहिले संघीयता, समावेशी, समानुपातिक प्रतिनिधित्व, नागरिकता र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण लगायत अन्य मौलिक हकलाई संविधानमा समावेश गराउन दबाव स्वरूपको मधेशी र थारू आन्दोलनमा सरकारको दमन गर्ने शैलीले सत्य साबित गरि दिएको छ । यहाँ मधेशमाथि शोषण गर्ने आधार राजतन्त्र, लोकतन्त्र वा कम्युनिष्टतन्त्रभन्दा पनि खसतन्त्र नै हो । यसका विभिन्न रूपले यहाँ शासन गर्दा मधेशसंग सबैले समान रूपको दोहन, शोषण गरेको छ । यिनले आफनो निरंकूशतालाई लोकतन्त्रको झण्डामुनि लुकाएका छन्, कम्युनिष्टको सर्वहारामुनि लुकाएका छन् । विभिन्न चोला बदल्ने खसहरू अहिले लोकतन्त्रको चोलामा आफूलाई लुकाएका छन् । खस वर्चस्वको राज्यसत्ताको अन्त नै मधेशको कल्याणकारी मार्ग हो ।

मधेशले राज्यविहीनता, दोहन, शोषणको उत्पीडनलाई ०६३ को आन्दोलनबाट संसार समक्ष राखेको थियो । यत्रा वर्षमा उसको पीडा कसैले सुनेन । फलतः ऊ फेरि आन्दोलित भयो । अहिले भारतले आन्दोलनरत पक्षको सम्बन्धमा गम्भीर चासो देखाउनुलाई मधेशका डेढ करोड जनताले धन्यवाद दिएको छ । मधेशी, थारूको माँगप्रति नेपाल सरकारलाई गम्भीर हुन आग्रह गर्न हौसला देखाएकोमा यो लेखकको तर्फबाट पनि साधुवाद । (मधेश दर्पण फिचर सेवा)

## सरसफाई एवं शुभकामना आदान-प्रदान

*पोखरा २७ असोज ।(गोल्डेन)*

*सिद्धार्थ टोल विकास संस्थाको आयोजनामा टोल सरसफाई एवं विजयादशमी, शुभ दीपावली, छठ पर्व-२०७२ को अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भयो । संस्थाकी अध्यक्ष गोमा कोइराला सुवेदीको अध्यक्षमा भएको कार्यक्रममा संस्थाका वरिष्ठ सल्लाहकार मदन काजी श्रेष्ठ, सल्लाहकार मुक्ति पराजुली, शम्भु प्रसाद कोइराला, ढाकामोहन पराजुली (कृष्ण पराजुली) गोपालजी मन्दिर सेवा समितिका अध्यक्ष एवं सल्लाहकार वसन्त लिगल निवर्तमान अध्यक्ष पार्वती माकाजु, कार्यक्रम संयोजक लक्ष्मी पराजुली लगायतले शुभकामना आदान-प्रदान गरेका थिए । यस्तै सिद्धार्थ चोकबाट फिर्के डिलसम्म र रामकृष्ण टोल, गोपाल जी मन्दिर बाट आफ्नो भवन टुँडाकोपाटन सम्म सरसफाइ गरिएको अध्यक्ष गोमा कोइराला सुवेदीले जानकारी दिइन । आफ्ना घर अगाडि आफैंले सफा गर्नुपर्ने सूचना प्रवाह गर्ने उद्देश्यले सरसफाइ कार्यक्रम आयोजना गरिएको उनले बताइन । कार्यक्रममा स्वागत उपाअध्यक्ष सम्झना माकाजु, कार्यक्रम संचालन सचिव सीमा कोइरालाले गरेकी थिइन् ।*

## होमस्टे समितिका संचालकबीच अन्तर्क्रिया

**✍ गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ असोज ।**

जेएमडिआई होस्ट परियोजनाको सहयोगमा पोखरा-२५ का कालावाङ्ग घरेडी होमस्टे समिति र तनहूँ भानु न.पा ४ का रानागाऊँ भालडाँडा होमस्टे समितिका होमस्टे सञ्चालकहरुलाई संस्कृति र वातावरणीय अन्तरक्रिया कार्यक्रम पोखरामा सम्पन्न भएको छ । तालिमको प्रशिक्षण नेशनल इन्स्टिच्युट अफ फुड स्टडिज एण्ड अपरेसन प्रालिका सिइओ अजित कुमार आचार्यले दिएका थिए । ४० जनाको सहभागिता रहेको तालिममा होमस्टेको वित्तीय हिसाब राख्ने, दरभाउ निर्धारण गर्ने , लेजर मेन्टेन , बिल, भरपाई आदि सम्बन्धी २ दिन सिकाइएको थियो भने अन्तिम दिन वातावरण सरसफाई र संस्कृति जर्गेणाबारे अन्तरक्रिया गरिएको थियो । होमस्टेमा राम्रो आम्दानी भएपनि आयव्ययको हिसाब नराखिने, मूल्य निर्धारणमा कठिनाई भएकोले यस तालिमबाट धेरै लाभ लिन सकिने विश्वास राखेका कालावाङ्ग घरेडीका अध्यक्ष राज बहादुर गुरुङ्गले बताए । रानागाउँका युवाहरुको उल्लेखनीय उपस्थिति भएको कार्यक्रममा होमस्टेका चुनौती र अवसरहरुका लागि युवावर्गले नै मुख्य भूमिका खेल्नुपर्ने उनीहरुले बताए । होस्ट परियोजनाको सूचना अधिकृत विवेक गुरुङ्गले आकाश ठूलो भएको र कति माथि जाने भन्नेबारे उनीहरुमा नै निर्भर भएको हुँदा दिइएका तालिमहरुबाट भरपूर फाइदा लिन आग्रह गर्दै सफलताको र वडादशैंको शुभकामना व्यक्त गरे । एशियन फोरमको केन्द्रिय अध्यक्ष निरज थापाले समाजमा विद्यमान कुरीतिहरुलाई कम गर्दै जान र वातावरण र संस्कृतिहरु जोगाउन व्यक्तिगतर्फबाट लाग्न सन्देश दिदै कार्यक्रमको समापन गरेका थिए । ग्रामिण पर्यटनले आप्रवासन कम गरी गाउँलाई स्वावलम्वी बनाउने, दिगो विकास गर्ने र स्थानीय संस्कृतिलाई होमस्टे मार्फत प्रर्वद्धन गर्न युरोपियन युनियन र स्वीस सरकार विकास सहयोगको आर्थिक सहयोगमा जेएमडिआई होस्ट परियोजनाको कार्यान्वयन एशिया मानव अधिकार तथा सांस्कृतिक विकास मञ्च ( एशियन फोरम) ले कार्यान्वयन गरिआएको छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल आश्विन २८ गते बिहीबार, तदनुसार अक्टुवर १५ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनशुक्ल (दुर्गा) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनशुक्ल (दुर्गा) पक्षको द्वितीय तिथि ५ घटि ६ पला अर्थात बिहानमा ८ बजेर ०६ मिनेटसम्म त्यसउप्रान्त तृतीया तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३४ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

**वृष** : शत्रुहरू सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, कारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी, दिन खराब रहनेछ ।

**मिथुन** : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदेशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

**कर्कट** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

**सिंह** : स्वास्थ्यमा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ ।

**कन्या** : धार्मिक कार्यतिर समय खर्च, पति-पत्नीबीच वैमन्यश्यता, आम्दानीका श्रोत घट्ने, दिन खर्चालु हुनेछ ।

**तुला** : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसँग सुमधुर, यात्रा फलदायी रहनेछ ।

**वृश्चिक** : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्त्रीवर्गसँग किचलो हुनेछ, गरेको कार्य अर्थहिन हुनेछ ।

**धनु** : मनोरञ्जन तिर मन जाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

**मकर** : टाढाको यात्रामा शारीरिक पीडा, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका, दिन सामान्य रहेकोछ ।

**कुम्भ** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ हुनेछ, सबै काममा राम्रो सफलता मिल्नेछ, समयको शुभ छ ।

**मीन** : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

**आवश्यकता**
कुक १ जना
कुक हेल्पर १ जना
वेटर/रूम ब्वाई १ जना
सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५४

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिलामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनमिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# अन्नपूर्ण लायन्सद्वारा गोगन उमाविमा भवन निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

लेखनाथ तल्लो गगन गौंडामा रहेको गोगन उच्चमाविमा लायन्स क्लब अफ पोखरा अन्नपूर्णले चारवटा कोठा निर्माण गर्ने भएको छ। प्रमुख अतिथि लायन्स डिष्ट्रिक्ट ३२५ बी १का गभर्नर ध्रुवबहादुर थापाले भवनको शिलन्यास गरेका थिए। उनले मंगलबारनै जिल्ला शिक्षा कार्यालयको अनुदानमा बन्न लागेको चारकोठे भवनको पनि शिलन्यास गरे। थापाले लायन्स अन्नपूर्णले बैशाख १२ र २९ गते गएको भूकम्पले क्षति भएको ८ कोठे भवन मध्य चार कोठा निर्माण गर्न लागेको बताउँदै नेपाल भित्रका लायन्सकै उत्कृष्ट लायन्स अन्नपूर्ण भएको बताए।

अन्नपूर्ण लायन्सले अहिलेसम्म १३ वटा भन्दा बढि विद्यालय निर्माण गरेको बताउँदै डिष्ट्रिक्ट ३२५ बी १का ब्लड बैंक निर्माण समितिका चियर पर्सन तथा कार्यक्रम संयोजक सोनाम स्याङपोले फेन्च अफ युकेको ६ लाख, एलेक्जेण्डर डेनीलोभ रसियाको १ लाख र लन्सिङ कलेज युकेको १ लाख आर्थिक सहयोगमा लायन्स क्लब अफ पोखरा अन्नपूर्णले गोंगन उच्चमाविमा प्रभावितहको चार कोठे भवन बनाउन लागेको बताए। विद्यालयका प्रअ डम्बर प्रसाद पौडेलले गोंगन उच्च माविमा १४ सय विद्यार्थी रहेको जानकारी गराउँदै भूकम्पले विद्यालयको आठ कोठमा क्षति पुराउँदा पढाईमा केही बाधा भएपनि लायन्स र जिल्ला शिक्षा कार्यलयको अनुदानमा विद्यालय भवन बन्न लागेको भन्दै खुशी ब्यक्त गरे। भूकम्पले ८ वटा कोठा भत्केको सो विद्यालयमा ४ वटा कोठा लायन्स अन्नपूर्णले र ४ वटा कोठा जिल्ला शिक्षा कार्यालयले निर्माण गर्न लागेको हो। लायन्स क्लब अन्नपूर्णका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठले अहिले पनि सरकारी विद्यालयमा १ हजार ४ सय विद्यार्थी हुनुले पनि शिक्षामा गुणस्तरीयता भएको प्रमाण रहेको बताए। उनले अंग्रेजी माध्यम र नेपाली माध्यममा दुई सिफ्टमा गुणस्तरीय शिक्षा विद्यार्थीलाई दिइएको भन्दै आफूहरुको सहकार्य शिक्षा क्षेत्रका लागि हुने बताए। कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेल, निर्वतमान प्रअ चन्द्रावती पौडेलले मन्तब्य राखेका थिए भने कार्यक्रमको संचालन सचिव दिनेश तुलाचनले गरेको कार्यक्रममा स्वागत मन्तब्य विद्यालयका प्रअ डम्बर प्रसाद पौडेलले राखेका थिए।

# सिटी रेवान महोत्सव जारी,दर्शक बढ्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

सिटी रेवानको आयोजनामा पोखरामा शुरु भएको चौथो सिटी रेवान दशै महोत्सव तथा फुड फेष्टिबल बुधबार पनि जारी रह्यो। असोज २२ देखि शुरु भएको महोत्सव कात्तिक २ गतेसम्म चल्ने छ। महोत्सव पाचौं दिनसम्म आइपुग्दा दर्शकको सहभागिता पनि बढ्दै गइरहेको महासचिव एवं प्रचार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए।

महोत्सवमा महिला तथा बालबालिकाको सहभागिता बढि देखिएको छ। महोत्सवमा सांस्कृतिक कार्यक्रम र बाल उद्यान मुख्य आकर्षण बन्ने गरेका छन्। महोत्सवमा भएको एकल महिला नृत्य प्रतियोगिता, रत्यौली गित प्रतियोगिता, रेवान तारा बाल नृत्य प्रतियोगितालाई दर्शकले निकै रुचाएका छन्। ती प्रतियोगिताहरु बुधबार पनि जारी रहे। महोत्सवमा बुधबार कलाकारहरु प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, शिव हमाल, शंकर विरही, राजन कार्की, शिवहरि ढुङ्गाना, चोलेन्द्र पौडेल, जीवन दाहाल, चन्द्रा कार्की, कुसुम क्षत्री र दिपक थापा लगायतको साङ्गीतिक प्रस्तुतिमा दर्शकहरु रमाएका थिए।

पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। महोत्सवमा धेरैभन्दा धेरैको सहभागिता रहने अपेक्षा गरेका छौ सिटी रेवानका अध्यक्ष के.पी. शर्माले भने-'सवैको सहभागिताले नै महोत्सव सफल बन्ने छ।' महोत्सव भण्डै एक लाख दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। महोत्सव सम्पन्न गर्नका लागि ३७ लाख ८८ हजार खर्च लाग्ने र ४१ लाख ८० हजार आम्दानी हुने अनुमान गरिएको छ। महोत्सवमा व्यवसाय, रेष्टुरेण्ट, सामाजिक सङ्घ/संस्था, सुरक्षा, स्वास्थ्यका स्टलहरु रहेका छन्।'

# पोखरा बहुउद्देश्यीय सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

पोखरा बहुउद्देश्यीय सहकारी संस्था लि.ले आफ्नो प्रथम साधारणसभा सम्पन्न गरेको छ। साधारणसभामा बोल्दै प्रमुख अतिथी शिक्षाबिद डा. वीरेन्द्रसिहं गुरुङले सहकारी संस्थाहरुले सहकारीका सिद्धान्तहरु आत्मसाथ गर्दै सहकारीको भावनाअनुसार संचालन हुनुपर्ने बताए। डा गुरुङले पोखरा बहुउद्देश्यीय सहकारी संस्था लि.ले पहिलो बर्षमै पाएको सफलताको प्रसंसा गर्दै छोटो समयमा धेरै विश्वसनीयता प्राप्त गर्न सफल भएकोमा धन्यवाद दिए। संस्थाका संरक्षक संस्थापक ई. लेख बहादुर गुरुङले ०५६।०५७ सालमा स्थापना भएको संस्थाले ढिलो गरि बचत तथा ऋणको कारोबार शुरु गरेता पनि छिटो प्रशिद्धी कमाउन सफल भएकोमा खुसि ब्यक्त गर्दै अगामी दिनमा संस्थाले द्रुत गतिमा विश्वाशिलो ढंगले अगाडि बढोस् भनि शुभकामना ब्यक्त गरे।

सहकारीका अध्यक्ष अम्बर गुरुङले संस्थाले अगामी बर्षमा रेमिटेन्स लगायतका थप कार्यक्रम संचालन गर्ने जानकारी दिंदै आर्थिक बर्ष २०७१।०७२ को प्रतिबेदन प्रस्तुत गर्नुका साथै आर्थिक बर्ष २०७१।०७२ को अध्यक्षको बार्षिक प्रतिबेदन, आर्थिक बर्ष २०७१। ०७२ को कोषाध्यक्षको आर्थीक प्रतिबेदन बिभिन्न उप-समितिहरुले गरेका कार्यहरुको अनुमोदन लगायतका बिषयहरु सर्बसम्मत रुपमा पारित गरिएको थियो। कार्यक्रममा समाजसेवी निर्मल गिरी दामोदर सिग्देल लगायतले मतब्य राखेका थिए। कृष्णहरि सिग्देलले स्वागत मतव्य र राजेश कुमार गुप्ताले धन्यवाद ज्ञापन गरेका थिए। संस्थाका संरक्षक संस्थापक ई. लेखबहादुर गुरुङको सभापतित्व मा सम्पन्न कार्यक्रमको संचालन सचिव कमल पराजुलीले गरेका थिइए।

# शुभकामना आदान-प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत उदयबहादुर रानामगरले पोखरालाई महानगरपालिका बनाउनका लागि पहल गर्ने बताएका छन्। पोखरामा महानगरपालिकाका लागि आवश्यक पूर्वाधार रहेको बताउँदै उनले सो कुरा बताएका हुन्। वडा नागरिक मञ्च पोखरा ७ को आयोजनामा भएको विजया दशमी तथा शुभ दिपावली, नेपाल संवत, छठ पर्व तथा इदको अवसरमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन्। कार्यक्रममा पोखरा उपमहानगरपालिकाका अधिकृत ओमराज पौडेलले पोखरा नगरक्षेत्रमा विभिन्न संघसस्थाहरु मार्फत् सचेतनामूलक कार्यक्रम गर्ने बताए। वडा नागरिक मञ्च पोखरा ७ का संयोजक प्रभा पन्तको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले नगर कमिटी अध्यक्ष तेजनारायण अधिकारी, नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेल, टोल विकास संस्था समन्यव समितिका अध्यक्ष राममोहन आचार्य, वडा नागरिक मञ्च व्यवस्थापन समितिका सदस्य गणेश श्रेष्ठ, कमला खनाल लगायतले बोलेका थिए।

# अनेरास्ववियुद्वारा चार शिक्षासेवी सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ असोज ।

अनेरास्विवु कास्की क्षेत्र नं. ४ क्षेत्रीय कमिटीद्वारा आयोजित यस वर्षको तेस्रो क्षेत्रीय विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता हेमजाको विष्णुपादुका माविमा सम्पन्न भयो। प्रतियोगितकामा प्रमुख अतिथि नेकपा एमाले कास्की जिल्ला सचिव दामोदर वैरागीले उद्घाटन गरेका थिए।

प्रमुख अतिथि वैरागीले विद्यार्थीहरुका लागि यस्ता कार्यक्रम सदैव गर्न सकेमा उनीहरुको व्यक्तित्व र नेतृत्व विकासमा थप प्रेरणा मिल्ने बताए।

प्रतियोगितामा शिक्षासेवीहरु सूर्यप्रसाद तिमिल्सिना र विष्णु कुमारी पौडेललाई कार्यक्रमका प्रमुख अतिथि वैरागीले सम्मान अर्पण गरेका थिए। कार्यक्रममा अनेरास्वविवु कास्की क्षेत्र नं. ४ का पूर्व सचिवालय सदस्य सूर्य पोखेल, निजामति सेवामा प्रवेश गरेकोमा सम्मान तथा शुभकामना ज्ञापन गरिएको थियो। प्रतियोगितामा नेकपा एमाले कास्की क्षेत्रनं. ४ का अध्यक्ष विष्णु बहादुर केसी, अनेरास्वविवु पूर्व केन्द्रीय सदस्य सूर्य भण्डारी, त्रिवी जिल्ला कमिटी अध्यक्ष विवेक देवकोटा, भूगोल जिल्ला कमिटी उपाध्यक्ष तथा निवर्तमान अध्यक्ष लक्ष्मण तिमिल्सिना, भूगोल जिल्ला कमिटी सहसचिव शकुन्तला देवकोटा, जीवन पौडेल, कास्की क्षेत्र नं. ४ का विद्यार्थी इन्चार्ज अमित गौतम (माधव) लगायतले शुभेच्छा व्यक्त गरेका थिए। उक्त प्रतियोगितामा १८ वटा विद्यालयका टीमले सहभागिता जनाएका थिए। जसमा कालिका उच्च मावि कास्कीकोट प्रथम, स्नोभ्यू बोर्डिङ स्कुल हेमजा द्वितीय, गौरीशंकर उच्च मावि तृतीय र अम्बिका माविले सान्त्वना स्थान प्राप्त गर्न सफल भएका थिए।

सो कार्यक्रम अनेरास्वविवु क्षेत्र नं. ४ का संयोजक विवेक त्रिपाठीको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन क्षेत्र नं. ४ का सचिव प्रेम प्रसाद भट्टराइले गरेका थिए।

# विग एफएमको रेडियो गेम शो 'महा-आजिजा' शुरु

पोखरा २७ असोज ।

दशैंको अवसर पारेर विग एफएमले रेडियो गेम शो 'महा-आजिजा' शुरु गरेको छ। रेडियो गेम शो 'महा-आजिजा'मा सहभागी भएर स्रोताहरुले ५ हजारदेखि २० हजार रुपैयाँसम्म जित्न सक्ने बताइन्छ। यो पटकको 'महा-आजिजा'लाई विश्वकै उत्कृष्ट पेन्ट्स कम्पनीमध्येको एक 'कान्साई नेरोल्याक पेन्ट्स नेपाल' ले मुख्य प्रायोजन गरेको छ। त्यस्तै 'महा-आजिजा'को पावर्ड बाई टाईटलमा एक्सेस एजुकेशन नेटवर्कले सहकार्य गरेको छ। 'दशैंलाई स्रोताहरुसँगै मनाउने उद्देश्यले हामीले वर्षेनी यो कार्यक्रमलाई निरन्तरता दिईराखेका छौं।' एफएमका कार्यक्रम सँयोजक संजोग बस्यालले भने-'अघिल्ला सँस्करण जस्तै स्रोताहरुको बाक्लो सहभागिताको अपेक्षा हामीले गरेका छौं।' 'महा-आजिजा' सप्तमी सम्म चल्नेछ। सात दिनसम्म चल्ने यो रेडियो गेम शो मा सहभागी हुन स्रोताहरुले एसएमएसबाट दर्ता हुनुपर्ने एफएमले जनाएको छ। एसएमएस दर्ताको लागि स्रोताहरुले मोबाईलको मेसेज बक्समा गई बिग टाईप गरि Space दिएर FM लेखि आफ्नो नाम र नम्बर लेखेर ४३२१ मा पठाउनुपर्नेछ। हरेक दिन साँझ ७ बजेदेखि ९ बजेसम्म चल्ने रेडियो गेम शोका लागि दर्ता भएका स्रोताहरुको नम्बरमा एफएमले नै फोन गरेर गेम खेल्नेछ। सामान्य ज्ञानबाट सोधिएका प्रश्नहरुको सहि उत्तर दिंदै जाने स्रोताहरुले अधिकतम २० हजार सम्म जित्न सक्ने एफएमका मार्केटिङ म्यानेजर कमल बरालले बताए। विग एफएमले हरेक चाडपर्वलाई यस्तै विभिन्न खाले ईभेन्टहरु गरेर स्रोताहरुसँग मनाउँदै आएको छ। त्यस्तै मंसिरको शुरुवातसँगै विग एफएमले ग्राण्ड ईभेन्ट स्वरुप गायन रियालिटी शो विग आईकनको छैठौं सँस्करण शुरु गर्देछ। विग आईकनको लागि यतिबेला निःशुल्क रुपमा आवेदन फाराम वितरण भैरहेको एफएमले जनाएको छ।

# वर्ड नेपालको अध्यक्षमा भण्डारी

पोखरा २७ असोज ।(गोल्डेन)

बाँफी पोखरी एकीकृत ग्रामीण विकासका लागि सहयोग (बर्ड) नेपाल, कास्कीको अध्यक्षमा सोमनाथ भण्डारी सर्वसम्मत चयन भएका छन्। संस्थाको १४औं साधारण सभा तथा छैटौं अधिवेशनबाट उपाध्यक्षमा भेषराज पौडेल, सचिवमा अशोक पौडेल र कोषाध्यक्षमा सीता पौडेल चयन भएका छन्। यस्तै, सदस्यहरुमा शर्मीला रायमाझी, कोपिला भण्डारी, राजेन्द्र भण्डारी र खेमराज भण्डारी चयन भएका छन्। उदय बहादुर रायमाझीको संयोजकत्वमा सुवास भण्डारी र मुक्ति पौडेल सदस्य रहेको निर्वाचन मण्डलले पदाधिकारीको घोषणा गरेको थियो। संस्थाका अध्यक्ष खेमनारायण भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि संस्थाकै ज्येष्ठ सदस्य पदमलाल भण्डारीले संस्थाले सामाजिक विकासमा खेलेको भूमिकाको प्रशंसा गरेका थिए। साधारण सभाबाट कोषाध्यक्ष सोमनाथ भण्डारीले पेस गर्नुभएको आर्थिक प्रतिवेदन र अध्यक्ष खेमनारायण भण्डारीले पेस गरेको प्रगति प्रतिवेदन पारित भएको थियो। कार्यक्रममा नागरिक समाज निर्मलपोखरीका अध्यक्ष उदयबहादुर रायमाझी, समाजसेवी मुक्ति पौडेल लगायतले शुभकामना दिएका थिए।

# सुनगाभाको शुभकामना सांगीतिक साँझमा सम्मान

*पोखरा २७ असोज ।(गोल्डेन)*

*दसैं अवसरमा सुनगाभा दोहोरी साँझले दसैं शुभकामना सांगीतिक साँझ आयोजना गरेको छ। लोक संगीतको उत्थान हाम्रो पहिचान भन्ने नाराका साथ पोखराको पृथ्वीचोकस्थित दोहोरी साँझले उक्त कार्यक्रम आयोजना गर्न लागेको संचालक दीलिप गायकले बताए। असोज २८ गतेसम्म चल्ने कार्यक्रमको विशेष आकर्षण राष्ट्रिय ख्यातिप्राप्त कलाकारको विशेष प्रस्तुति र पोखरेली सर्जन सम्मान कार्यक्रम रहेको गायकले बताए। दोहोरी साँझमा सहभागीलाई प्रशस्त मनोरञ्जन दिन चर्चित गायक राजु परियार, जीवन दाहाल, कृष्ण देवकोटा, जय कुमार, प्रिया श्रेष्ठ, दीलिप गायक, लक्ष्मी नेपाली, कृष्ण गुरुङ, राजकुमार केसी, सुनिल गायक, रोशन गुरुङको विशेष प्रस्तुति रहनेछ। यसैबीच, आयोजले सम्बन्धित क्षेत्रमा निरन्तर क्रियाशील रही उल्लेख्य योगदान पुऱ्याएकोमा पोखरेली सर्जकको रुपमा चारजनालाई सम्मान गरेको छ। सम्मानित हुनेमा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान गण्डकी अध्यक्ष जीवन दाहाल, प्रतिष्ठानका पूर्व केन्द्रीय सदस्य कृष्ण गुरुङ, पत्रकार विजय नेपाल, पोखरा लोकसंगीत समूह सदस्य रोशन गुरुङ छन्। उनीहरुलाई प्रमुख अतिथि वरिष्ठ लोकदोहोरीगायक प्रजापति पराजुलीले दोसल्ला ओढाउँदै सम्मानपत्र हस्तान्तरण गरेका थिए।*


## हार्दिक समवेदना

जन्मः
२००६/०४/१८ गते

स्वर्गारोहणः
२०७२/०६/१६ गते

स्व. पदमबहादुर खड्का

कास्की जिल्ला कालिका गाविस वडा नं. ११ निवासी, नेपाली कांग्रेसका क्रियाशील सदस्य एवं समाजसेवी पदमबहादुर खड्काको असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

| राजेन्द्र प्रसाद त्रिपाठी | वीर्जमान गुरुङ | मा. यज्ञबहादुर थापा |
| --- | --- | --- |
| गाउँ इकाई सभापति | क्षेत्रीय सभापति | सभापति |
| नेपाली कांग्रेस, कालिका | नेपाली कांग्रेस, कास्की-१ | नेपाली कांग्रेस कास्की |



## खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९



## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोनः०६१-५५०२५२, मो. ९८४६०-४१४९२



प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

## ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस्।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ।)



जीवन के.सी. मो. ९८५६०-३८०६६, ९८०६६-४०८८५

## पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस्।



## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747



## Study in Japan

Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

Free Processing for Master, Bachelor & +2 First Divison Students*

1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

# सञ्चार व्यवसायीमा ढुङ्गाना, सहकारीमा पौडेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २६ असोज ।**

संचार व्यवसायी समिति कास्कीको २०औं वार्षिक साधारण सभा तथा ११औं अधिवेशन र संचार बचत तथा ऋण सहकारी संस्थाको चौथो साधारणसभा तथा प्रथम अधिवेशन संयुक्त रुपमा मंगलबार सम्पन्न भएको छ । २०५३ साल स्थापित कम्युनिकेशन एवं साइबर व्यवसायीहरुको संस्था संचार व्यवसायी समितिका सदस्यद्वारा २०६९ सालमा संचार बचत तथा ऋण सहकारी संस्था स्थापना गरी वित्तीय कारोबार संचालन गर्दै आएको छ । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले सहकारीका सात सिद्धान्तको मर्म र भावनालाई सहकारीले आत्मसात गर्नुपर्ने भन्दै सहकारी अनुगमनले संस्थालाई झन् मजबूत बनाउने बताए । उनले अर्थतन्त्रको विकसित रुप सहकारी भएको भन्दै आर्थिक विकासको लागि सहकारी मेरुदण्ड बन्दै गएको बताए । कार्यक्रमका विशेष अतिथि कास्की बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष सुदिप ढकालले देश भर ३२ हजार सहकारी भएको र झण्डै ५० लाखले प्रत्यक्ष रोजगारी पाएको भन्दै यसलाई अझै व्यवस्थित र उत्पादनमूलक बनाउन सके परनिर्भरता अन्त्य हुने

बताए । दीर्घकालिन सोच र काम भन्दा बढि भाषण हुने गरेकाले सोचे जस्तो उपलब्धि सहकारीले हासिल गर्न नसकेको उनको भनाइ थियो ।

त्यसैगरी कैलाश बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष जीवन ढुंगानाले सहकारी बीच साझेदारी गर्दै उत्पादनमूलक क्षेत्रतिर सहकारी जानु पर्ने बताए । कोपिला बचत तथा ऋण सहकारीका अध्यक्ष श्याम प्रसाद पौडेलले देशको अस्थिर राजनीति, उपयुक्त सहकारी नीतिको अभावले सहकारीले उत्पादनमूलक क्षेत्रमा लगानीको वातावरण सुरक्षित गर्न नसकेको बताए ।

कार्यक्रममा संचार व्यवसायी समितिका संस्थापक सचिव देविराज गुरुङ, निर्वतमान अध्यक्ष वीरबहादुर गुरुंगले समय क्रम संगै व्यवसायमा उतार चढाव आएपनि संचार व्यवसायी संस्था एक नमूना योग्य संस्था भई सामाजिक एवं वित्तीय क्षेत्रा छाइरहेको बताए । अधिवेशनबाट संचार व्यवसायी समितिमा विनोद ढुंगानाको अध्यक्षता ९ सदस्यीय कार्य समिति निर्विरोध निर्वाचित भएको छ । उपाध्यक्ष धनञ्जय पौडेल, सचिवमा प्रेम दाहाल, कोषाध्यक्षमा रुद्र के.सी, सह-सचिवमा निम प्रसाद गुरुङ र सदस्यहरुमा पवित्रराज तिवारी, युवराज खनाल, उत्तम जोशी र दिपेन्द्र आले रहेका छन् ।

त्यसैगरी संचार बचत तथा ऋण सहकारीको साधारणसभाले धनञ्जय पौडेललाई अध्यक्षमा चयन गरेको छ । समिति उपाध्यक्षमा प्रेम दाहाल, सचिव पवित्रराज तिवारी, कोषाध्यक्ष युवराज खनाल, सदस्य जमुना शर्मा, पवित्रा थापा, रुद्र के.सी., रवि प्रसाद आर्चाय, विनोद भुजेल रहेका छन् । त्यसैगरी लेखा समितिमा रेशम खड्काको संयोजकत्वमा दिपेन्द्र आले र गणेश पराजुली सदस्य रहेका छन् । सोही अवसरमा संस्थाका सदस्यका एस.एल.सी. उत्तीर्ण छोराछोरीलाई सम्मान गरिएको थियो भने, संस्थाका सदस्य जमुना वर्षा शर्मा संचारिका समूह पश्चिमाञ्चल को अध्यक्ष पदमा निर्वाचित भएकोमा बधाई सहित सम्मान पत्र र दोसल्लासाथ सम्मान गरिएको थियो । विनोद ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत धनञ्जय पौडेलल गरेको थियो भने संचालन दुई संस्थाका सचिवद्वय पवित्रराज तिवारी र प्रेम दाहालले गरेका थिए ।

# र्‍याण्डम रिडर्स अफ नेपालको अध्यक्षमा पौडेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २७ असोज ।**

र्‍याण्डम रिडर्स सोसाइटी अफ् नेपालको तेस्रो अधिवेशनबाट उपेन्द्र पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ । मङ्गलबार सम्पन्न अधिवेशनबाट सचिवमा रुपिन्द्र प्रभावी, कोषाध्यक्षमा मीरा ढकाल र सहसचिवमा अनुपमणि अधिकारी सर्वसम्मत चयन भएका छन् । यस्तै, सदस्यहरुमा सुरज उपाध्याय, अल्पज्ञानी, सञ्जय मल्ल र रामजी पौडेल चयन भएका छन् । उपाध्यक्ष पछि मनोनय गरिने सोसाइटीले जनाएको छ । यसअघि सोसाइटीका अध्यक्ष गनेस पौडेलको अध्यक्षतामा भएको साधारणसभामा सचिव उपेन्द्र पौडेलको प्रगति प्रतिवेदन र कोषाध्यक्ष रामजी पौडेलको आर्थिक प्रतिवेदन पारित भएको थियो । अधिवक्ता बोधराज बरालको संयोजकत्वमा सोसाइटीकै पुस्तक छनोट समितिका पूर्व संयोजक कृष्ण केसी र नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली सदस्य रहेको निर्वाचन समितिले पदाधिकारीहरुको घोषणा गरेको थियो । कार्यक्रममा पूर्व अध्यक्ष दुर्गाबहादुर शाह 'बाबा', कृष्ण केसी, गनेस पौडेललगायतले नवनिर्वाचित समितिलाई बधाई दिएका थिए ।

# पौडीमा पश्चिमाञ्चललाई रजत पदक

**पोखरा २७ असोज ।**

सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत काठमाडौंमा सुरु पौडी प्रतियोगिता अन्तर्गत बुधबार भएको प्रतिस्पर्धामा पश्चिमाञ्चलले २ सय मिटर ब्याक स्टोकमा रजत पदक जितेको छ । २ सय मिटरमा प्रतिस्पर्धा गरेका पश्चिमाञ्चलका खेलाडी शुभम् श्रेष्ठले रजत पटक जितेका हुन् । त्यस्तै पश्चिाञ्चलले ४ गुणा ४ रिलेमा तेस्रो स्थापन प्राप्त गरेको छ । प्रतियोगिताका लागि पौडिका लागी १० जना खेलाडी छनोट भएका थिए । प्रतियोगितामा सहभागी खेलाडीहरुलाई मंगलबार बिदाई गरिएको थियो । उनीहरुलाई पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल र पश्चिमाञ्चल प्रशिक्षण विभाग प्रमुख विद्या मर्सानीले खादा लगाएर विदाई गरेका थिए । पश्चिमाञ्चलबाट म्याग्दीका निकोन पुर्जा, पर्वतका रोशन पुन, गोर्खाका शुभम श्रेष्ठ, गोर्खाकै योगेश थापा, तनहुँका ऐलेन थापा, नवलपरासीका उत्सव पाठक, कास्कीका सन्तोष गुरुङ, विकास गुरुङ विजय भुजेल र मनाङका तेन्जिङ नाम्डोलरायन गुरुङले प्रतिस्पर्धा गर्दैछन् । त्यस्तै महिला वर्गमा रुपन्देहीकी इभा काफ्ले, म्याग्दीकी अन्जनी शेरचन, मुस्ताङकी सामाज्ञी गौचन, गोरखाकी श्रीया ढकाल र गोरखाकै सारा ढकाल सहभागी छन् । प्रशिक्षकमा रविन कुमार पोखेलले र व्यवस्थापकमा प्रजापति दाहाल रहेका छन् ।

यसैबीच सातौं राष्ट्रिय खेलकुदका लागि कास्की जिल्ला खेलकुद विकास समितिले बुधबारदेखि गर्ने भनिएको छनोट प्रतियोगिता स्थागित गरिएको छ । देशको विशम् परिस्थितिका कारण प्रतियोगिता अर्को मिति तय नहुदाँसम्मका लागी स्थगित गरिएको कास्की जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख प्रकाश बरालले जनाएका छन्। समितिले बुधबारदेखि २९ गतेसम्म कास्की जिल्लामा सातौ खेलकुद प्रतियोगिताका लागी खेलाडि छनोट गर्ने बताएपनि प्रतियोगिता सुरु हुने दिन दिउसो मात्रै स्थगित गरेको सूचना प्रकाशन गरेको हो । कास्कीमा ३५ मध्य ३४ खेलमा खेलाडी छनोट गर्ने तयारी गरिएको थियो ।

## अमेरिकन डेब्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

## अब खोटाङ, हलेसी गाडीमै सररर

❖प्रत्येक शुक्रबार ३ दिने हलेसी दर्शनयात्रा रु. ५०००।(खाना सहित)
❖प्रत्येक सोमबार ७ दिने धरान, इलाम, दार्जिलिङ, सिक्किम टुर खाना र बस्ने सुविधासहित रु.१२,०००।-
❖नेपाल तथा भारतसम्मको खाना बस्न सहितको एजुकेशनल टुर गराइन्छ ।

आयोजक
**श्रीकृष्ण मनकामना तीर्थयात्रा कं. प्रा.लि.**
प्रधान कार्यालय : इटहरी, सुनसरी
पोखरा सम्पर्क : होटल प्लानेटसगै, लेकसाइड, पोखरा
फोन : ९८५२०५७७२९, ९८५६०३९६३३, ०६१-४६४९१९

## STUDY IN JAPAN
January/April intake 2016

➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरु धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, स ... म्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्र ... अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा